व्यावसायीक कृषि पर्यटन शहर

सुन्दर समुन्नत हाम्रो रत्ननगर

नगर उपप्रमुख श्री यादव प्रसाद पाठकज्यु बाट

रत्ननगर नगरपालिकाको एघारौ नगरसभामा पेश गर्नु भएको

# आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्य

रत्ननगर नगरपालिका

रत्ननगर, चितवन, बागमति प्रदेश नेपाल

मिति २०७९/०३/१०

**आदरणिय नगरप्रमुख तथा सभा अध्यक्षज्यु, नगर सभासदज्युहरु, कर्मचारी तथा सञ्चारकर्मी मित्रहरु,**

१ नेपालको संबिधानले स्थानिय तहलाइ स्थानिय सरकारको रुपमा अधिकार प्रत्यायोजन गरी दोश्रो कार्यकालका लागि मिति २०७९।०१।३० मा सम्पन्न निर्वाचनबाट रत्ननगर नगरपालिकाको नगर उपप्रमुख एवम वजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित सभामा आगामि आ.ब.२०७९/८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा अत्यन्त गौरवान्वित महशुस गरेको छु ।

२ यस अवसरमा लोकतन्त्र प्राप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न कालखण्डमा भएका, जनआन्दोलन, राजनीतिक क्रान्ति एवं संघर्षलाई म स्मरण गर्न चाहन्छु। जनाधिकार र राजनीतिक परिवर्तनका लागि आफ्नो अमूल्य जीवन बलिदान गर्ने शहीदहरू प्रति उच्च सम्मान तथा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। घाइते योद्धा र बेपत्ता नागरिकहरूप्रति उच्च सम्मान र परिवारप्रति गहिरो सहानुभूति प्रकट गर्दछु। यसै अबसरमा राजनीतिक परिवर्तनको नेतृत्व गर्ने नेतागण तथा आम परिवर्तनकारी जनताप्रति हार्दिक नमन र सम्मान व्यक्त गर्दछु।

३ कोभिड १९ महामारीको दोश्रो लहरको असर लम्बिदै गर्दा यसको प्रभावको कारण जनश्वास्थ्य सम्बन्धि थपिएका चुनौतिहरु र पेट्रोलियम पदार्थ लगायतका निर्माण सामाग्रिको अत्यधिक मुल्यबृद्धिको कारणले नगरपालिकाका सम्पुर्ण बिकासका गतिबिधिहरुलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा प्रतिकुल असर गरि रहेकोछ । वर्तमान नेतृत्व सामु कोभिड-१९ महामारी को असरलाई न्यूनिकरण गर्दै जनस्वास्थ्यको रक्षा गर्ने, अर्थतन्त्रलाई पुनरुत्थान गर्ने र संवैधानिक प्रक्रियालाई पुनः सुचारु बनाउने गहन जिम्मेवारी प्राप्त भएको छ। उक्त जिम्मेवारी निर्वाह गर्दै नगर वासिको आर्थिक सामाजिक विकासको आकांक्षा पूरा गर्न नगरपालिका प्रतिबद्ध रहेको छ।

४ व्यावशायिक कृषि पर्यटकिय शहर, स्वच्छ समृद्ध हाम्रो रत्ननगर सहितको दुरदृष्टि (VISION) र नगरवासीलाइ सर्वसुलभ , भरपर्दो, गुणस्तरीय सेवा तथा सुविधा उपलव्ध गराइ नगरवासीहरुको जिवनस्तरमा सुधार ल्याउने गरी तय गरीएको गन्तव्य (MISSION) लाइ मुर्त रुप दिन यस नगरपालिका दृढ संकल्पित रहेको छ ।

५ बिभिन्न बिषम परिस्थितिको कारणबाट सिथिल भएको आर्थिक गतिबिधिलाई गतिशिल बनाउन तथा कठिन परिस्थितिका बिचमा संबिधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त, संघीय र प्रदेस सरकारका नीति तथा कार्यक्रम , चालु आवधिक योजना, दीगो विकासका लक्ष्य, नगरविकास गुरुयोजना, संघिय प्रादेसिक तथा स्थानिय ऐन कानून र कार्यविधिहरु बाट निर्देसशत हुदै यस नगरसभामा प्रस्तुत नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी वजेट तर्जुमा गरीएको छ ।यसै गरी राजनैतिक दलका सुझाव, विगतका अनुभव नागरीक समाज निजी क्षेत्र सहकारी क्षेत्र स्थानिय सामुदायिक संघसंस्था वुद्धिजिवि संचारकर्मी लगायतका सरोकारवालाहरु वाट प्राप्त राय परामर्श सुझाव लगायतका अन्य बिभिन्न क्षेत्रका प्राप्त रचनात्मक सुझावहरुलाइ समेत समेट्दै आगामी आ.ब. २०७९/८० को बजेट तथा कार्यक्रम तर्जुमा गरीएकोछ ।

६. स्वाधीन, समुन्नत एवं आत्मनिर्भर अर्थतन्त्र निर्माणको आवश्यकता र संविधान र कानूनले निर्देश गरेको समाजवाद उन्मुख अर्थ व्यवस्थाको आधार निर्माण गर्नु जरूरी छ। यस नगरभित्र गरिबीको रेखामुनि रहेका तथा विभेद र वहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जाति र समुदाय लगायत सबै नागरिकको विकास र समृद्धिको आकांक्षा सम्बोधन गर्न बजेट केन्द्रित गरेको छु।

७.नगरक्षेत्रमा खाद्यान्नको उत्पादन बढाउने, रोजगारी सिर्जना गर्ने, सार्वजनिक सेवा प्रहारमा सुधार गर्ने , पर्यटन प्रवर्ध्दन गर्ने, जनतालाई प्रत्यक्ष प्रभावित गर्ने भौतिक पूर्वाधारमा लगानी गर्नुपर्ने अहिलेको आवश्यकता भएकाले आगामी बर्षको बजेट यस तर्फ केन्द्रित रहेको माननिय नगरसभाका सदस्यज्यूहरुलाई अवगत गराउन चाहन्छु ।

८. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपालको दीर्घकालीन विकास लक्ष्य, पन्ध्रौं योजना, यस नगरपालिकाको नीति तथा कार्यक्रम, विनियोजन विधेयक, २०७९ को सिद्धान्त र प्राथमिकतालाई आत्मसाथ गर्दै यसै

नगरसभाका सदस्यहरू, माननिय संघिय तथा प्रदेश सांसद ज्यूहरु, आम नागरिक, राजनीतिक दल, विद्धतवर्ग, नागरिक समाज, निजी क्षेत्र लगायत पिछडिएका एवं सीमान्तकृत वर्गसहित सरोकारवालाबाट प्राप्त सुझावलाई मार्गदर्शनको रूपमा लिएको छु।

९ वजेट तर्जुमा गर्दा संघ र प्रदेस सरकार सग समन्वय र साझेदारी गर्दै असिमित आवश्यकतालाई परिपूर्ति गर्नेको लागि उपलव्ध सिमित श्रोत र साधनको अधिकतम उपभोग गर्नु पर्ने मान्यतालाइ जोड दिइएको छ ।नेपालको संविधानमा उल्लेखित स्थानिय तहको अधिकारसूचि ,सार्वजनिक सेवा प्रवाहमा नगरपालिकाको भूमिका र सञ्चालित विकास आयोजनाहरुको कार्यान्वयनको अवस्थालाई ध्यानमा राख्दै चालु आ.ब.का कार्यक्रमलाई आवश्यकता अनुरुप परिमार्जन संशोधन र निरन्तरता दिदै अव्वल गतिशिल र लगानीमैत्री नगरपालिकाको पहिचान स्थापना हुने गरी बजेट विनियोजन गरीएको छ ।

१० नगरबासीका चाहना र मागलाई सम्बोधन गर्न तथा उत्पादनशील कार्यका लागि **नगरका गौरवका केहि योजना तथा कार्यक्रमका लागि** समेत बजेट बिनियोजन गरिएकोछ ।

**सभाका अध्यक्ष एवम सभासदज्युहरु**

**अब म आन्तरीक राजस्वका दरहरु सम्बन्धमा गरीएका व्यवस्थाका बारेमा जानकारी गराउन चाहन्छु ।**

आ.व.२०७८।७९ मा अधिकांस करका दरहरु यथावत राखिएको छ भने केही करका दायरा बढाइएकोछ ।

करका छुटहरु यस प्रकार छन ।

१, आ.ब. २०७८।७९ को असोज मसान्त सम्म सम्पतिकर बुझाएमा १० प्रतिसत छुट दिइनेछ ।

२, बिगत आ.ब.को बक्यौतामा १ बर्षसम्मको बक्यौतामा २० प्रतिसत र १ बर्ष भन्दा बढीकोमा ३० प्रतिसत जरीवाना लाग्नेछ ।

३., आ.ब. २०७८।७९ मा व्याबशायीक प्रयोजनका लागि १० प्रतिसत र आवासिय प्रयोजनका लागि ७ प्रतिसत छुट दिई ३ प्रतिसत बहालकर लाग्नेछ ।

४, आ.ब. २०७८।७९ को व्याबशाय कर असोज मसान्त सम्ममा बुझाएमा लाग्ने करमा २० प्रतिसत छुट र बिगतको बक्यौता असोज मसान्त सम्म बुझाएमा ५० प्रतिसत छुट दिइनेछ ।अन्य करका दरहरु यसै साथ पुस्तिकामा संलग्न रहेको जानकारी गराउँदछु ।

**सभा सदस्य ज्यूहरु म सुरुमा चालु आ.व. २०७८/०७९ को हाल सम्मको यथार्थ आय विवरण प्रस्तुत गर्न चाहन्छु ।**

जम्मा वजेट रु १ अर्व ३७ करोड ९८ लाख रहेकोमा अन्य निकायबाट थप अख्तियारी प्राप्त भइ कुल आय १ अर्व ४१ करोड २० लाख कायम भएको छ । थप भएका मुख्य शिर्षकमा सडकबोर्ड, बकुलहर रत्ननगर अस्पताल सुदृढिकरण, सशर्तका बिबिध कार्यक्रम, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, र बिपन्न घरधुरी आवास कार्यक्रम लगायत रहेका छन ।२०७८ असार ९ गते सम्म रु १अर्व २२ करोड १६ लाख २० हजार वास्तविक आम्दानि भएको छ भने १९ करोड ४ लाख आम्दानी हुन वाँकि रहेको छ ।आन्तरिक राजस्व तर्फ रु ११ करोड अनुमान रहेकोमा २०७८ जेठ ३१ गते सम्म रु ९ करोड ०७ लाख मात्रै राजस्व संकलन भएको छ ।अव उठ्न वाँकी रु १करोड ९३ लाख रहेको जानकारी गराउँदछु ।

**अव म चालु आ.व. २०७८/०७९ को हाल सम्मको खर्चको समिक्षा गर्ने चाहन्छु ।**

जम्मा संशोधित वजेट रु १ अर्व ४१ करोड २० लाख रहेको मा २०७९ साल असार ८ गते सम्म सामाजिक सुरक्षा प्रदेश साँसद विकास कोष र संघिय साँसद विकास कोषको रकम बाहेक ७५ करोड ४३ लाख ०२ हजार खर्च भएको छ । जसमध्ये चालु तर्फः वजेट ७६ करोड ११ लाख ९३ हजार रहेको मा २०७९ साल असार ८ गते सम्म ५०करोड ०

लाख ५७ हजार खर्च भएको छ ।पूँजिगत तर्फ जम्मा वजेट ६५ करोड ०८ लाख ३३ हजार रहेको मा २०७९ सा असार ८ गते सम्म २५ करोड ३९ लाख ४४ हजार खर्च भएको छ ।

सभासदज्यूहरु, अब म आगामी २०७९/८०को अनुमानित आय व्ययको विवरण प्रस्तुत गर्न चाहान्छु ।

आय तर्फ :

| | शिर्शक | | आ.व २०७९/८० |
|---|---|---|---|
| | कुल आय | | 1,372,780,029 |
| | **राजस्व** | | 330,431,029 |
| 1 | आन्तरिक राजस्व | | 110,000,000 |
| 1.1 | राजस्व वाँडफाँडवाट प्राप्त रकम | | 200,431,029 |
| | नेपाल सरकार बाट प्राप्त | | 122,880,000 |
| | प्रदेश सरकारबाट प्राप्त | | 77,551,029 |
| 1.2 | अन्य आय | | 20,000,000 |
| | अघिल्लो वर्षको नगद मौज्यात | अनुमानित | 20,000,000 |
| | स्थानिय निकायवाट हस्तान्तरण रकम | | - |
| | **अन्तर सरकारी वित्तिय हस्तान्तरण** | | 1,032,349,000 |
| 2.1 | नेपाल सरकारबाट प्राप्त | | 905,200,000 |
| 2.1.1 | वित्तिय समानिकरण अनुदान | | 209,600,000 |
| 2.1.2 | शशर्त अनुदान | | 337,600,000 |
| 2.1.3 | समपूरक अनुदान | | - |
| 2.1.4 | विशेष अनुदान | | 50,000,000 |
| 2.1.5 | सडक वोर्ड वाट प्राप्त | गत आ.व अनुसार | 8,000,000 |
| 2.1.6 | स्थानिय विकास पूर्वाधारी विकास कार्यक्रम | | - |
| 2.1.7 | अन्य अनुदान सामाजिक सुरक्षा | गत आ.व अनुसार | 300,000,000 |
| 2.2 | प्रदेश सरकारबाट प्राप्त | | 119,149,000 |
| 2.2.1 | वित्तिय समानिकरण अनुदान | | 20,875,000 |
| 2.2.2 | शशर्त अनुदान | | 40,503,000 |
| 2.2.3 | समपूरक अनुदान | | 27,571,000 |

| | | | |
|---|---|---|---|
| 2.2.4 | विशेष अनुदान | | 3,500,000 |
| 2.2.5 | स्थानिय विकास पूर्वाधारी विकास कार्यक्रम | अनुमानित | 26,700,000 |
| अन्तर स्थानिय तहबाट प्राप्त | | | 8,000,000 |
| 3.1 | शशर्त अनुदान | | - |
| 3.2 | समपूरक अनुदान जिल्ला समन्वय समिति | अनुमानित | 8,000,000 |
| 3.3 | अन्य | | - |
| **4** | **जनसहभागिता** | | **10,000,000** |
| 4.1 | नगद सहभागिता | अनुमानित | 10,000,000 |
| 4.2 | श्रम तथा वस्तुगत सहायता | | - |

आ.ब. २०७८/७९को व्यय अनुमान

जम्मा चालु खर्च रु रु पुजिगत खर्च रु अनुमान गरिएकोछ।

| क.सं. | व्यय शिर्षक | रकम रु |
|---|---|---|
| १ | आर्थिक बिकास | १ करोड ६४ लाख ५२ हजार |
| २ | सामाजिक बिकास | २ करोड ५ लाख ६५हजार |
| ३ | पुर्वाधार विकास | २ करोड ४६ लाख ७८हजार |
| ४ | वन वातावरण तथा विपद व्यबस्थापन | ७१ लाख ९८ हजार |
| ५ | सुशासन तथा संस्थागत विकास | ३० लाख ८४ हजार |
| ६ | समपुरक तर्फका योजना तथा कार्यक्रम | ३ करोड ८ लाख ४८ हजार |
| ७ | अन्य निकायका योजना( जि.स.स. सडकबोर्ड) | २ करोड ७३ लाख |
| ८ | सामाजिक सुरक्षा | ३० करोड |
| ९ | प्रदेश पुर्वाधार बिकास साझेदारी कार्यक्रम | २ करोड ६७ लाख |
| १० | नगरका गौरवका योजना तथा कार्यक्रम | ३ करोड ८ लाख ४८ हजार |
| ११ | प्रशासनिक तथा चालु खर्च | २२ करोड ५० लाख |
| १२ | सशर्त कार्यक्रम (संघिय र प्रदेश) | ३७ करोड ८१ लाख |
| १३ | वडागत चालु र पुजिगत कार्यक्रम खर्च | १५ करोड ९९ लाख |
| | जम्मा | १ अर्व ३७ करोड २७ लाख |

नगर गौरवका योजनाहरु :

| क.सं. | योजना तथा कार्यक्रम | रकम रु |
|---|---|---|
| १ | कार्यविधी वमोजिम सहकारी संस्थालाइ दुधमा प्रति लिटर रु. १। अनुदा | १ लाख |
| २ | कार्यविधि वमोजिम घाँसमा प्रति कठ्ठा अनुदान | ५० लाख |
| ३ | कार्यविधि वमोजिम अति विपन्न परिवारलाइ निशुल्क स्वाथ्य विमा | १ करोड १० लाख |
| ४ | नगर प्रमुख उद्दमशिलता कार्यक्रम | १ करोड |
| ५ | बागदेवी आधारभूत इन्जिनियरिङ कलेज व्यवस्थापन | ३५ लाख |

| | | |
|---|---|---|
| ६ | उज्यालो रत्ननगर अभियान | ७० लाख |
| ७ | कृष्णसार संरक्षण अभियान | २० लाख |
| ८ | जग्गा भाडामा लिइ खेती गर्न प्रोत्साहन कार्यक्रम | ५० लाख |
| ९ | गरीव/सिमान्तकृत तथा जेहेन्दार विध्यार्थीहरुलाइ कार्यविधी बनाइ प्राविधि विषयमा ५० प्रतिशतसम्म छात्रबृत्ती | ५० लाख |
| १० | अति विपन्न वर्गको पहिचान गरी औषधी उपचारको लागि सहायता को स्थापना | ३० लाख |

वडागत कार्यक्रमका लागि विनियोजन यस प्रकार रहेको छ ।

वडा नं १. रु १ करोड १ लाख ८ हजार
वडा नं २. रु १कोड ८१ हजार
वडा नं ३. रु ९७ लाख ३५हजार
वडा नं ४. रु ९८ लाख ७० हजार
वडा नं ५. रु ९६ लाख ७१ हजार
वडा नं ६. रु १ करोड ४ लाख ७७ हजार
वडा नं ७. रु ९८ लाख ५४ हजार
वडा नं ८. रु ९७ लाख ८७ हजार
वडा नं ९. रु ९९ लाख ३२ हजार
वडा नं १०. रु १ करोड ६७ हजार
वडा नं ११. रु १ करोड ६ लाख ९३ हजार
वडा नं १२. रु ९९ लाख ४० हजार
वडा नं १३. रु १ करोड १ लाख ९८ हजार
वडा नं १४. रु १करोड ९१ हजार
वडा नं १५. रु ९६ लाख ६८ हजार
वडा नं १६. रु ९७ लाख ७२ हजार

अन्त्यमा यस रत्ननगरको नगरपालिकाको आर्थिक बर्ष २०७९-८० को बजेट तथा कार्यक्रम तर्जुमा गर्न प्रत्यक्ष तथा परोक्ष रुपमा सक्रिय सहभागिता जनाइ सहयोग गर्नु हुने तथा अमुल्य सल्लाह र सुझाव प्रदान गर्नु हुने सम्पुर्ण महानुभाव प्रति हार्दिक आभार ब्यक्त गर्दछु । **समृद्ध नेपाल सुखी नेपाली**को अवधारणालाई समेत टेवा पुग्ने हिसावले तयार गरीएको यस बजेट तथा कार्यक्रमले नगरपालिकाको सम्पुर्ण नगरवासीको अपेक्षा अनुसारको उपलब्धी हासिल गर्नेछ भन्ने आशा र बिश्वास लिएको छु । यसको सफल कार्यान्वयन गर्न सवैको साथ र सहयोग रहने बिश्वास लिदै यो मन्तव्य यहि अन्त्य गर्दछु ।

धन्यवाद ।

यादव प्रसाद पाठक
नगर उपप्रमुख